**दोश्रो पटक सूचना प्रकाशन मिति : २०७४/१२/१६ गते**

**सूचना !** **सूचना !!** **सूचना !!!**

सुखीपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुखीपुर सिरहाको आ.व. २०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखा तर्फको कार्यक्रममा तोकिए बमोजिम केही प्रतिशत अनुदान दिने कार्यक्रम रहेकोले सोको लागि कृषि पेशामा संलग्न कृषि उद्यमी, सक्रिय कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समूह र समिति (संस्था) हरुले मिति २०७४/१२/१६ देखि २०७४/१२/२२ गतेसम्ममा सुखीपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुखीपुरको कृषि विकास शाखामा तल उल्लेख भए बमोजिमको आफुलाई चाहिने कार्यक्रमको लागि निवेदन दिनु हुन र निवेदनसाथ उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि मिति २०७४/१२/८ गते गरेकोमा पर्याप्त जानकारी आम जन समूदायमा नभएको भनि बुझिएको र पुनः म्याद थपको माग आएकोले आज मिति २०७४/१२/१६ गतेको निर्णयानुसार पुनः यो सूचना प्रकाशन गरिएको छ ।

**अनुदान प्राप्तीको लागि पेश गर्नु पर्ने कागजातहरु :**

१. संस्था भए संस्थाको छाप सहितको आवेदन ।
२. कृषि उद्यमी, कानून बमोजिम दर्ता एवं नविकरण भएका सक्रिय कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समूह र समितिहरुको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. सम्बन्धित (संस्था): समूह, सहकारी, समितिको निर्णय प्रतिलिपी ।
४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
५. खेती गरिने जग्गाको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी ।
६. सम्बन्धित वडा / न.पा.कार्यालयबाट सिफारिस ।

**अनुदानको किसिम अनुसारको कार्यक्रमहरु**

१. ७५ प्रतिशत अनुदानमा माछाको काष्टनेट जाल खरिद र वितरण
२. ७५ प्रतिशत अनुदानमा माछाको महाजाल खरिद र वितरण
३. ७५ प्रतिशत अनुदानमा १६ लि. को स्प्रेयर वितरण
४. ७५ प्रतिशत अनुदानमा उन्नत जातको नमूना केरा खेती विस्तार
५. ५० प्रतिशत अनुदानमा गटर स्प्रेयर वितरण
६. ७५ प्रतिशत अनुदानमा एरिएटर वितरण
७. ७५ प्रतिशत अनुदानमा पैलेट मेशिन वितरण
८. ७५ प्रतिशत अनुदानमा रोग नियन्त्रणका लागि चुना वितरण

***यो सूचना सुखीपुर नगरपालिकाको सूचना पाटी साथै वेब साईट***
www.sukhipurmun.gov.np मा पनि हेर्न सक्नु हुनेछ र

*बिशेष जानकारीको लागि सुखीपुर नगर कार्य पालिकाको कार्यालय कृषि विकास शाखामा सम्पर्क गर्न सक्नु हुनेछ ।*

**पुनश्च : सूचनामा उल्लेख भए बमोजिम रीतपुर्वक नदिईएको निवेदन माथि कार्यालय कारबाही गर्न बाध्य हुने छैन ।**

२०७४/१२/१६

सुखीपुर नगर कार्य पालिकाको कार्यालय
कृषि विकास शाखा
सुखीपुर, सिरहा

योगेन्द्र यादव
कृषि विकास अधिकृत